प्रदेश उच्च शिक्षा (पहिलो संशोधन) अध्यादेश, २०८१ लाई प्रतिस्थापन गर्न बनेको विधेयक

प्रस्तावना : प्रदेश उच्च शिक्षा ऐन, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बागमती प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "प्रदेश उच्च शिक्षा (पहिलो संशोधन) ऐन, २०८१" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. उच्च शिक्षा ऐन, २०७८ (यसपछि "मूल ऐन" भनिएको) को दफा १३ को उपदफा (५) मा संशोधन : (१) मूल ऐनको दफा १३ को उपदफा ( ५) को सट्टा देहायबमोजिम दफा १३ को उपदफा (५) राखिएको छ।

"(५) अध्यक्ष पूर्णकालीन पदाधिकारीका रूपमा कार्यरत रहने छ। पदेन सदस्य बाहेक संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) का अध्यक्ष र सदस्यहरूको कार्यकाल छ वर्षको हुनेछ।

तर यो ऐन अनुसार मनोनित भएका संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) का अध्यक्ष र पदेन सदस्य बाहेकका पदाधिकारीहरूको पहिलो पटक पदावधि कायम गर्दा गोला प्रथाद्वारा पाँच जनाको पदावधि चार वर्ष र चार जनाको पदावधि छ वर्ष कायम गरिने छ।यस ऐन बमोजिम सदस्यहरुको पदावधिको गणना संरक्षक समिति (बोर्ड अफ ट्रष्टी) को पहिलो बैठक बसेको मितिबाट सम्पूर्ण सदस्यको पदावधी प्रारम्भ भएको मानिने छ। रिक्त हुन आउने सदस्यहरुको पदपूर्ति सम्बन्धी व्यवस्था विधानमा उल्लेख भए अनुसार हुनेछ।"

३. खारेजी र बचाउः (१) बागमती प्रदेश उच्च शिक्षा (पहिलो संशोधन) अध्यादेश, २०८१ खारेज गरिएको छ।

(२) प्रदेश उच्च शिक्षा (पहिलो संशोधन) अध्यादेश, २०८१ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।